# विद्यालय शिक्षक तथा कर्मचारीको काज सरुवा सम्बन्धी मापदण्ड, २०८०

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को अनुसूची ८ को बुँदा नं ८ मा आधारभूत तथा माध्यामिक शिक्षा को अधिकार स्थानीय तहको भनी उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने विषय उल्लेख भएकोले यस पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको काज सरुवालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले देहाय अनुसार मापदण्ड बनाइएको छ।

**काज सरुवा सम्बन्धी व्यवस्था:**

१. पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दीमा गाउँ शिक्षा समितिले काज सरुवा गर्न सक्नेछ।

२. स्थायी, अस्थायी, राहत, ससर्त अनुदान कोटा र गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारीको काज सरुवा गरिनेछ।

३. शिक्षकको काज सरूवा प्रत्येक शैक्षिक सत्रको पहिलो वा आर्थिक वर्षको महिनामा मात्र गरिनेछ।

४. शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ।

५. शिक्षकलाई काज सरुवा गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा गर्नु पर्नेछः
   (क) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,
   (ख) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,
   (ग) विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नैं अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा,
   (घ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,
   (ङ) शिक्षकको कार्य सम्पादन सन्तोषजनक नभएमा,
   (च) गाउँ शिक्षा समितिले सरुवा गर्न आवश्यक ठाँनेमा,

६. स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गरिने छैन।

७. शिक्षकको काज सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा बसेका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

८. काज सरुवा भएको २१ ( एकाईस) दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा विद्यालय कर्मचारीलाई शिक्षा नियमावलीको अनुसूचि १३ को ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखालाई समेत दिनु पर्नेछ।

९. एउटै विद्यालयमा ५ शैक्षिक सत्र पूरा गरेका शिक्षकहरूको एक विद्यालयबाट अर्को विद्यालयमा आवश्यकता र औचित्यताको आधारमा गाउँ शिक्षा समितिको निर्णयको आधारमा शिक्षकको काज सरुवा गर्न सकिने छ।

१०. विद्यालयमा तोकिएको विद्यार्थी संख्या नभएका बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र राहत अनुदानमा नियुक्त शिक्षकलाई पनि आवश्यकता र औचित्यताको आधारमा अन्य विद्यालयमा कामकाजका लागि

खटाउन सकिने छ । काज सरुवा भएको शिक्षकलाई तोकिएबमोजिम रमाना दिने र हाजिर गराउने कार्य प्रधानाध्यापकले समय भित्र नगरेमा निजले शिक्षा अधिकृत समक्ष स्पष्टीकरण पेस गर्नु पर्नेछ । स्पष्टीकरण मनासिव नभएमा गाउँ शिक्षा समितिले उक्त प्रधानाध्यापकलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने छ ।

११. यस मापदण्डमा लेखिएबमोजिमका प्रावधानहरू संघीय तथा प्रदेश कानूनसँग बाझिएको खण्डमा संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।